**NEPALESE**

**आफ्नो सम्पूर्ण शरीरलाई संलग्न गरेर पढ्नु।**

**भाषाको सिकाइ र बुझाइ को निम्ती किताबको महत्वपूर्ण भूमिका छ। बच्चाले आफ्नो सम्पूर्ण शरीरलाई उपयोग गरेर पढन सिक्ने तरिकाहरू यी हुन्।**

**स्पर्श गर्नुहोस् अनि खेल्नुहोस्**

कथासँग मिल्ने कुनै खेलौना अथवा वस्तुलाई लिएर शब्दहरूलाई सिक्नको निम्ती केन्द्रीत गर्नुहोस् ।
तपाईंले कथा भनिरहेको बेला यी बच्चाहरूले यी खेलौना अथवा वस्तुसँग खेल्न सक्नेछन् जसले गर्दा उनिहरूले भाषा सिक्ने छन् ।

**हेर्नुहोस् अनि बुझ्नुहोस्**

शब्द अनि चित्रलाई देखाएर पढ्नुहोस्। यसरी बच्चाले शब्द सिक्नेछन् शब्दलाई देखाएर बिभिन्न भाषामा भन्नुहोस् अनि स्वरको भिन्नतालाई सुनाउनुहोस् ।



**बोल्नुहोस् अनि भन्नुहोस्**

एउटै कथा एक हप्ता सम्म सुनाउनुहोस् । बच्चाले बुझ्न र सिक्न समय लगाउँछन् । एकदुई चोटी पढे पछि कथा भन्दैगर्दा बिचमा रोकिनुहोस् र बच्चालाई वाक्य पुरागर्नेमा सामेल गर्नुहोस् ।

**सुन्नुहोस् अनि बुझ्नुहोस्**

किताब पढ्नुहोस् अनि भिन्न भाषाहरूमा कथा भन्नुहोस् ।

कथालाई रोचक बनाउन, कथामा भएको शब्दहरूलाई बिभिन्न आवज मा गीत गाएर सुनाउनुहोस्।

एउटै कथा एक हप्ता सम्म सुनाउनुहोस्। बच्चाले बुझ्न र सिक्न समय लगाउँछन् ।

चित्र देखाएर अनि अभिनय गरेर नयाँ शब्दलाई चिनाउनुहोस् अनि बुझाउनुहोस् ।

नयाँ शब्दहरूलाई दैनिक गतिविधिमा दोहोर्याउनुहोस् ।

**कथासँग जोडिएर कथालाई महसुस गर्नुहोस् ।**

बच्चालाई मनपर्ने किताब छान्नुहोस् जस्तै जनावर, गीत, मोटरगाडी ।
कथा पढन जरुरी छैन, बच्चाले कुनै शब्द अथवा चित्रलाई इशारा गरिरहेकोछ भने त्यसलाई लिएर कथा बुन्नुहोस् अथवा भन्नुहोस् ।
कथालाई वास्तविक जीवनमा आधारभुत गर्नुहोस् – कथा केक बनाउनेको बारेमा छ भने कथा पछि केक बनाउनुहोस् ।

**अभिनय गर्दै हिड्नुहोस् ।**

बच्चाले पढेको बेलामा आरामदायी वातावरण रहोस । बच्चा हिडडूल गर्न अथवा उभिन सक्नेछ। कथालाई अभिनय गरेर भन्नुहोस् ।
कार्य जनाउँने शब्दलाई अभिनय गरेर बुझाउनुहोस् जसले गर्दा बच्चाले अनुभव गरेर कथा बुझ्नेछन् ।

DIVERSITY KIDS
INNOVATIVE INCLUSION SUPPORT

TALKING TRIUMPHS
SPEECH THERAPY SERVICES

Proudly produced by Nisrine El-Choueifati, speech pathologist in Partnership with Diversity Kids